आज मिति २०७८ मंसिर २४ गते शुक्रवार यस गाउँपालिकाका अध्यक्ष श्री चेरुङ तामाङज्यूको अध्यक्षतामा तपशील बमोजिमका महानुभावहरुको उपस्थितिमा यसै गाउँ कार्यापालिकाको कार्यालय, सेर्तुङमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

**उपस्थितिः**

**तपशीलः**

१. चेरुङ तामाङःअध्यक्ष

२. विना लामाः उपाध्यक्ष

३. मिन घलेःवडा अध्यक्ष वडा नं. १

४. पेम्बा घलेः वडा अध्यक्ष वडा नं. २

५. कामीलाल तामाङः वडा अध्यक्ष वडा नं. ३

६. प्रशान्त तामाङः वडा अध्यक्ष वडा नं. ४

७. धिराज तामाङः वडा अध्यक्ष वडा नं. ५

८. नरमान गुरुङः वडा अध्यक्ष वडा नं. ६

९. फुलमाया कामीः का.पा.सदस्य

१०.गंगामाया तामाङः का.पा.सदस्य

११.जुठीमाया तामाङः का.पा.सदस्य

१२.खम्बा घलेः का.पा.सदस्य

१३.चन्द्र घलेःका.पा.सदस्य

१४.डिलु गुरुङः का.पा.सदस्य

१५.ध्रुव कुमार राईः सदस्य सचिव

१६. टंक बहादुर नेगीः निवर्तमान प्रमुख प्रशासकीय अधिकृत, रुवी भ्याली गाउँपालिका, धादिङ ।

**प्रस्तावहरुः**

१. यस गाउँपालिकाको चालु आ.व. २०७८।०७९ को विभिन्न पालिका तथा वडा स्तरीय योजनाहरुको कार्यान्वयनका लागि उपभोक्ता समिति गठन र संझौता गर्ने समय सीमा निर्धारण गर्ने,

२. चालु आ.व.को सम्पन्न ५ लाख सम्मका योजनाहरुको वडा स्तरीय अनुगमन समितिबाट भएको प्रतिवेदनको आधारमा भूक्तानी दिने सम्वन्धी निर्णयलाई निरन्तरता दिने ,

३. गाउँपालिकालाई आवश्यक कार्यविधीहरु स्वीकृत गर्ने सम्वन्धमा,

४. बोराङ-लापा, बोराङ-पेन्तिस्या, सडक ट्र्याकको **IEE** गर्न रकम छूट्याउने सम्वन्धमा

५. भूक्तानी समर्थन र भूक्तानी दिने सम्वन्धमा,

६. योजना तथा कार्यक्रम स्वीकृती र संसोधन सम्वन्धमा।

७. उपभोक्ता समिति दर्ता सम्वन्धमा।

८. करार सेवामा विज्ञापन गर्ने,

९. लोकसेवा आयोगमा कर्मचारी माग गर्ने,

१०. विशेष अनुदानको रकम माग गर्ने,

११. शोधभर्ना रकम भूक्तानी

१२.मर्मत सम्वन्धमा

१३.विविध सम्वन्धमा।

**निर्णयहरुः**

१. यस गाउँपालिकाको चालु आ.व. २०७८।०७९ को विभिन्न पालिका तथा वडा स्तरीय योजनाहरुको कार्यान्वयनका लागि उपभोक्ता समिति गठन र संझौता गर्ने समय सीमा निर्धारण गर्ने सम्वन्धमा छलफल हुँदा आगामी २०७८ पौष १५ गते सम्ममा सवै योजनाहरुको लागि नियमानुसार उपभोक्ता समितिहरु गठन गर्ने र योजना संझौता गरिसक्न सम्वन्धित वडा समितिलाई निर्देश गर्ने सर्व सम्मत निर्णय गरियो।

२. चालु आ.व.को सम्पन्न ५ लाख सम्मका योजनाहरुको वडा स्तरीय अनुगमन समितिबाट भएको प्रतिवेदनको आधारमा भूक्तानी दिने सम्वन्धी निर्णयलाई निरन्तरता दिने सर्व सम्मत निर्णय गरियो।

३. यस गाउँपालिकालाई आवश्यक कार्यविधीहरु तयार भएकोले तपशीलका कार्यविधिहरु स्वीकृत गर्ने भूक्तानी अनुमोदनका लागि सर्व सम्मत निर्णय गरियो।

   तपशीलः

   क. रुवी भ्याली गाउँपालिकाको समावेशी नीति, २०७८

   ख. कृषी समूह दर्ता कार्यविधि, २०७८

   ग. गाउँपालिकाको पूर्वाधार मर्मत सम्भार सम्वन्धी कार्यविधि, २०७८

४. बोराङ-लापा, बोराङ-पेन्तिस्या सडक खण्ड को करिव १० किमि सडकको **IEE** गर्न विपद व्यबस्थापन कोषबाट रु ५ लाख खर्च गर्ने सर्व सम्मत निर्णय गरियो।

५. यस चालु आ.व . २०७८।०७९ तपशीलका योजना तथा कार्यक्रमहरुको विपद तथा विविध कोष खाताबाट भएको खर्चको भूक्तानी समर्थन गर्ने सर्व सम्मत निर्णय गरियो।

   **तपशीलः**

   क. २०७८।०५।२३ गते विपद् सामाग्री ढूवानी बापत प्रभु हेलिकप्टरलाई गरेको रु २,६०,०००।- भूक्तानी।

   ख. सडकबोर्ड र यस पालिकाबीच निर्माण भएको खादिङ-थामडाँडा सडक स्तरोन्नती साझेदारी रकम रु ४,००,०००।- विपद कोषबाट गरेको भूक्तानी,

   ग. पालिका अध्यक्षज्यूबाट वर्षा याममा भएका तोक आदेशबाट बिपद कोषबाट भुक्तानी भएको कूल रकम रु १५,६८,२३३।-

   घ. पालिका अध्यक्षज्यूबाट तोक आदेश भए बमोजिम भूक्तानी भएको सोम्दाङ-तिप्लिङ-कामीगाउँ सडक मर्मतको रु ४००,०००।- र च्याम्रादेवी माविको खेल मैदान मर्मतको रु ६,३२,८७८।-

ङ. गत आ.व.२०७७।०७८ मा सम्पन्न भएको तर भूक्तानी बाँकी रहेको हिन्दुङ पहिरो नियन्त्रण शीर्षकको योजनाको भूक्तानी रु ३१,४४,४७४।- र उक्त पहिरो नियन्त्रणको लागि तयार भएको डिपिआरको भूक्तानी रु ४,९४,९४०।-

च. धादिङ खेलकुद विकास समितिद्वारा संचालन हुने प्रतियोगितात्मक सहभागिताका लागि छनौट हुने यस गा.पा. का खेलाडीहरुका लागि रु ३ लाख रकम छुट्याउने सर्व सम्मत निर्णय गरियो।

६. यस गाउँपालिकाको गाउँ सभाबाट पारित यस चालु आ.व. २०७८।०७९ र गत आ.व. मा सम्पन्न तपशीलका योजना तथा कार्यक्रमहरु विविध प्राविधिक कारणबस संसोधन गर्नु पर्ने भएकोले ती कार्यक्रम तथा आयोजनाहरुलाई सर्व सम्मत स्वीकृत गर्ने र आउदो गाउँसभा बाट अनुमोदन हुने गरि सर्वसम्मत निर्णय गरियो।

क. रिचेत आलु खेती पकेट कार्यक्रमलाई रिचेत आलु खेती विस्तार कार्यक्रम कायम गर्ने

ख. खादिङ-छोटेखोला-थामडाँडा सडक आयोजनालाई रुपाल खोला-उचा-थामडाँडा-खादिङ सडक आयोजना कायम गर्ने,

७. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. १६०, मिति २०७८।०८।२१ को परिपत्र अनुसार यस पालिकामा अव उपरान्त गठन हुने उपभोक्ता समितिहरुलाई संस्था दर्ता ऐन, २०३४ अनुसार अनिवार्य विधान सहित यस गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गराइ, दर्ता प्रमाण पत्र प्रदान गर्ने गराउने सर्व सम्मत निर्णय गरियो। साथै यस सूचनालाई सवै वडा कार्यालयहरु सहित सरोकारवालाहरुलाई प्रेषित गराउने निर्णय गरियो।

८. यस पालिकामा कार्यरत ३ जना प्राविधिक कर्मचारीहरु अन्यत्र सरुवा भइ गएको र कार्यालयको कामकाज मा वाधा पर्ने भएकोले रिक्त पदमा १(एक) जना सव इन्जिनियरको नियुक्तीको लागि करार सेवामा विज्ञापन गर्ने सर्व सम्मत निर्णय गरियो।

९. यस गा.पा.को स्वीकृत दरवन्दी अनुसार रिक्त तपशीलका पदहरुमा स्थायी पदपूर्तिका लागि वागमती प्रदेश लोकसेवा आयोगलाई तपशीलका पदहरुको लागि माग आकृती फारम भरि पठाउने सर्व सम्मत निर्णय गरियो।

**तपशीलः**

क. शिक्षा अधिकृत-१

ख. प्रशासकीय अधिकृत- २

ग. कृषी विकास अधिकृत-१

घ. सहायक पाँचौ(प्रशासन सेवा)-२

ङ. सहायक चौथो(प्रशासन सेवा)-३

१०. गत आ.व.२०७७।०७८ मा विद्यालय र स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सेवा विस्तार कार्य कोरोना महामारीको कारण सम्पन्न हुने नसकेकोमा यस चालु आ.व. मा सम्पन्न भएकोले विशेष अनुदान तर्फको फिर्ता भएको रकम आवश्यक प्राविधिक र कार्य सम्पन्न भएको कागजातहरु पेश गरि बागमती सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय सहित सामाजिक विकास मन्त्रालयमा माग गर्ने सर्व सम्मत निर्णय गरियो।

११. यस गाउँपालिकामा चाडपर्वको समयमा र विपदको समयमा सडक मर्मत लगायतका कार्यहरु गरेकोले उक्त कामबापत तपशीलका योजनाहरुको शोधभर्ना रकम भूक्तानी दिने सर्व सम्मत निर्णय गरियो ।

तपशीलः

क. वडा नं. ४ स्थित पेर्चे-बोराङ-ब्रागु खण्डको मर्मत

ख. वडा नं. २ दलित बस्तिबाट आदाखोला खण्डको मर्मत

ग. वडा नं. ६ कुप्चेत स्वास्थ्य इकाई सेवा केन्द्रको भवन मर्मतका लागि १ लाख ५० हजार

घ. वडा नं. ४ बोराङमा संचालित भलिवल कार्यक्रमको खर्च भएको रु १ लाख,

ङ. न्यायिक समिति व्यवस्थापन र मेलमिलाप कर्ताको छनौटका लागि रु ५ लाख (मिल्दो शीर्षकबाट रकमान्तर हुने गरि )

१२. यस गाउँपालिका वडा नं. २ ठुलोगाउँ-वडा नं. १ पुरु सम्म सडक मर्मत सम्भारका लागि भैपरि कोषबाट रकम भूक्तानी दिने निर्णय गरियो ।

१३.विविध प्रस्तावमाथि छलफल गर्दा आजको वैठक विहान ७;०० बजे शुरु भइ ठीक १०;०० बजे सम्पन्न भयो ।

**इति सम्वत २०७८ साल मंसिर महिना २४ गते रोज ६ शुभम् ।**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम यस गाउँपालिकाको आगामी आ.व. २०७८।०७९ को बजेट तयारी गर्नका लागि यसै दफा बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने र उक्त समितिलाई बजेट तयारीमा लागी अर्को कार्यपालिका बैठकमा मस्यौदा पेश गर्न निर्देशन दिने सर्व सम्मत निर्णय गरियो ।

२. यस गाउँपालिकाको भौगोलिक विकटता र परिवर्तनशील मौसमका कारण गाउँपालिकाको संयुक्त अनुगमन टोली सवै स्थान,वडा र भूगोलमा पुगी अनुगमन गर्न सहज नभएकोले, समय पर्याप्त नभएको र वडाहरुमा समेत प्राविधिक कर्मचारीहरु खटिइसकेकोले यस गाउँपालिकाको चालु आ.व.को सम्पन्न वडा स्तरीय तथा पालिका स्तरीय ५ लाख सम्मका योजनाहरुको स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम वडा स्तरीय अनुगमन समितिबाट भएको प्रतिवेदनको आधारमा भूक्तानी दिने सर्व सम्मत निर्णय गरियो ।

३. यस गाउँपालिकामा अन्य स्थानीय तहहरुमा जस्तै व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम संचालन भएको सवै लाई अवगत नै छ । उक्त कार्यक्रमलाई आगामी आ.व. मा निरन्तरता दिन नेपाल सरकारसंग पर्याप्त बजेट नहुने भएको र सो कार्यका लागि यस गाउँपालिकाले स्रोत साझेदारीमा कार्य गर्न बजेट ब्यबस्था गर्न प्रतिबद्दता गरिदिनु हुन भनि राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागबाट पत्र प्राप्त

भएकोले सो सम्वन्धमा छलफल हुँदा यस पालिकाबाट स्रोत साझेदारीका लागि प्रतिबद्दता हुने र सो को जानकारी तहाँ विभागमा गर्ने सर्व सम्मत निर्णय गरियो।

४. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त जानकारी बमोजिम यस गाउँपालिकामा पनि कोभीड १९ दोस्रो चरणको असर पर्ने भएकोले सवै वडाहरुले सावधानी अपनाउने र सो को जानकारी सूचना टाँस मार्फत सवैमा पुर्याउने सर्व सम्मत निर्णय गरियो।

५. बागमती प्रदेश स्तरीय गा.पा.राष्ट्रिय महासंघको प्राप्त पत्रानुसार यस आर्थिक वर्षको लागि सदस्यता शुल्क बापत रु २५०००।- तहाँ महासंघको खातामा भूक्तानी दिने निर्णय गरियो।

६. यस गाउँपालिकाको यस आ.व.को आकस्मिक तथा भैपरि कोषको संचालन तथा व्यबस्थापन प्रभावकारी रुपमा लागु गर्न यसै गाउँपालिकाका अध्यक्ष श्री चेरुङ तामाङको संयोजकत्वमा तपशील बमोजिमको विपद व्यबस्थापन समिति गठन गर्ने सर्व सम्मत निर्णय गरियो। साथै भैपरि तथा आकस्मिक कोषको रकम यसै समितिको सिफारिसमा मात्र खर्च गर्ने सर्वसम्मत निर्णय गरियो।

७. यस गाउँपालिकाको विभिन्न वडामा संचालित लघु जलविद्युत सेवा प्रयोगबापत उठ्ने शुल्कलाई व्यबस्थित गर्न सवै वडामा रहेका जलविद्युत समितिका अध्यक्षहरुलाई तोकिएको मिति समय र स्थानमा वैठक बस्ने र उक्त समयमा सम्वन्धित वडा अध्यक्षहरु समेत उपस्थित हुने निर्णय सर्व सम्मत निर्णय गरियो।

८. यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री टंक बहादुर नेगीले पेश गर्नु भएको यसै आ.व. सम्मको जिन्सि प्रतिवेदन अनुमोदन गर्ने र प्रतिवेदनमा उल्लेखित तर नभेटिएका र नदेखिएका खप्ने सामान(जिन्सी) हरुलाई प्रचलित कानुन बमोजिम प्राप्त गर्ने सर्व सम्मत निर्णय गरियो।

९. यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा नियमानुसार दर्ता भएका बेरोजगारी सूचीलाई प्राथमिकता क्रम भएका व्यक्तिहरुलाई काममा लगाउने सर्व सम्मत निर्णय गरियो।

१०. यस गाउँपालिकाको अति आवश्यक, आकस्मिक र भैपरि आउने कारणले गर्दा तपशीलका योजना तथा कार्यक्रमहरुलाई अनुमोदन गर्ने सर्व सम्मत निर्णय गरियो। साथै उक्त रकमलाई भैपरि आउने कोषबाट ब्यहोर्ने निर्णय गरियो।

**तपशीलः**

क. स्कुल देखि पालिका सम्म आउने सिंढि बाटो ढलान, सेर्तुङ

ख. च्यान्तिजो-आदाखोला सडक निर्माण

ग. ..................

११. यस गाउँपालिकाको तपशीलमा उल्लेखित योजना तथा कार्यक्रमको नाम संशोधन गर्ने सर्व सम्मत निर्णय गरियो।

तपशीलः

क. गोठेनदेवि आ.वि माथि कुलो निर्माण शीर्षकलाई गोठेन देवि आ.वि. माथि तार जाली निर्माण कायम गर्ने,

ख. चेन्दुङ पहिरो नियन्त्रणलाई ब्रागो पहिरो नियन्त्रण कायम गर्ने,

ग. तिप्लिङ पहिरो नियन्त्रणलाई(३० लाख) बङ्स्या पहिरो नियन्त्रण (१५ लाख) र ठाण्डे तार जाली निर्माण(१५ लाख) कायम गर्ने,

घ. तिप्लिङ ठुलो गाउँ भित्रको कुलो निर्माणलाई तिङ्गङ पदमार्ग कायम गर्ने,

घ. वडा कार्यालयहरुका लागि वाँकी पूर्वाधार निर्माण शीर्षकलाई गोठेनदेवी आ.वि.को तारजाली निर्माण तथा सडक मर्मत र लब्दुङ हेलिप्याड निर्माण शीर्षक कायम गर्ने

ङ. ................................................

च. ..................................................

छ. ..........................................

१२.यस आ.व.मा गाउँपालिका भित्र सडक ट्र्याक निर्माणका लागि भएको ३ (तीन) वटा टेण्डरबाट बाँकी रहेको रकम सोहि स्थानमानै खर्च हुने गरि नियमानुसार निर्माण उपभोक्ता समितिहरु गठन गरि सडक ट्र्याक निर्माणको कार्यलाई निरन्तरता दिने सर्व सम्मत निर्णय गरियो।

क. लापा-खादिङ सडक

ख. बतासे-इसिमे-गोब्रे-पेन्तिस्या सडक

ग. सेर्तुङ-मचेत-सिंग्ला सडक

१३.यो बर्षको **SEE** परीक्षा आगामी २०७८ जेष्ठ महिनामा संचालन हुने र यस गाउँपालिकामा नेपाल सरकारबाट प्रथम पटक उक्त परीक्षाको परीक्षा केन्द्र तोकिएकोले परीक्षा संचालन, शान्ति सुरक्षा समन्वय तथा व्यबस्थापनमा लाग्ने खर्च व्यहोर्ने सर्व सम्मत निर्णय गरियो।

१४. यस गाउँपालिकाको कक्षा ८ को परीक्षा संचालन तथा व्यबस्थापनका लागि भौगोलिक बिगटता र बजारको कारणले संघीय सरकारबाट सशर्त शीर्षकमा प्राप्त रकम अपुग हुने भएकोले अपुग रकम गाउँपालिकाबाट व्यहोर्ने निर्णय गरियो।

१५. यस गाउँपालिकाको यस आ.व. मा विनियोजित तपशीलका नयाँ सडक ट्र्याक निर्माणका लागि तयारीको क्रममा रहेको **IEE** र ,**DPR** को कामहरु अनुमोदन गर्ने सर्व सम्मत निर्णय गरियो। साथै उक्त कार्यका लागि नपुग रकम टेण्डरबाट बाँकी रहेको रकम, सेर्तुङ-मचेत-सिङ्ला-किस्पाङ सडक ट्र्याक निर्माण मा विनियोजित रकम मध्ये बाँकी रहेको रकमबाट रकमान्तर गरि खर्च गर्ने सर्वसम्मत निर्णय गरियो।

क. सेर्तुङ-मचेत सिंगला सडकको **IEE** तयारी,

ख. धार्चे खादिङ सडक खण्डको नयाँ सडक ट्र्याक निर्माणको **DPR** र **IEE**

ग. हिन्दुङ पहिरो नियन्त्रणको **DPR,** लिङ्ग्जो तातोपानी संरक्षणको **DPR**

१६.यस गाउँपालिकाको विभिन्न स्वास्थ्य संस्थाहरुमा विगत देखिनै करार सेवामा कार्यरत कर्मचारीहरुको करार अवधी समाप्त भएकोले हाल सम्म लोकसेवा आयोग र समायोजन भइ स्थायी कर्मचारीहरु हाजिरी भै नसकेको र स्वास्थ्य सेवा प्रबाहमा असर पर्ने भएकोले नियमानुसार प्रकृया पुर्याइ उक्त कर्मचारीहरुको करार सेवा थप गर्ने सर्व सम्मत निर्णय गरियो।

१७. यस गाउँपालिकाको वडा नं. ५ मा रहेको तेङ्चेत सामुदायिक स्वास्थ्य इकाइ, वडा नं. ६ मा रहेको खादिङ सामुदायिक स्वास्थ्य इकाइ र वडा नं. ४ मा रहेको हिन्दुङ सामुदायिक स्वास्थ्य इकाईहरुमा यस पालिकाको भौगोलिक विकटता, कार्यालयमा कर्मचारी अभावमा अत्यावश्यक सेवा प्रवाह र संचालनमा वाधा परेकोले सो समय तत्काल कार्यपालिका वैठक समेत बस्न नसकेकोले सो समस्या समाधानका लागि तत्काल प्रकृया र विधि पुर्याइ कर्मचारी छनौट,नियुक्ती गरि उक्त स्वास्थ्य इकाइहरुमा खटाइएकोले उक्त समयको कर्मचारी पदपूर्ति सम्वन्धी विज्ञापन समर्थन गर्ने सर्व सम्मत निर्णय गरियो।

१८.यस गाउँपालिकाको साविकमा प्रशासनिक भवनको रुपमा रहेको र हाल न्यायिक समिति , नियमित कार्यपालिका बैठक तथा अन्य पालिका स्तरीय कार्यक्रमहरु संचालनका लागि कार्यालयले प्रयोग गरिरहेको कोठालाई थप मर्मत गरि व्यबस्थित र प्रविधिमैत्री वैठक हलको रुपमा संचालन गर्न मर्मत कार्य आवश्यक भएकोले उक्त कार्य गर्न उपभोक्ता समिति वा कोटेशन मार्फत उक्त मर्मत सम्वन्धी कार्य गर्ने सर्व सम्मत निर्णय गरियो ।

१९.यस गाउँपालिकामा नेपाल रेडक्रस सोसाइटि धादिङ जिल्ला शाखाको पत्र संख्या १७१ मिति २०७७।१२।२४ गतेको पत्रानुसार रक्त परीक्षण र क्रस म्याचका लागि आवश्यक रु २०००००।- (अक्षेरेपी दुइ लाख रुपैया मात्र) नगद सहयोग गर्ने सर्व सम्मत निर्णय गरियो ।

२०.यस गाउँपालिकाको वडा नं. ५ स्थित तातोपानी-नेबेर जाने बाटो हरेक बर्ष बाढी र पहिरोले आवात जावतमा समस्या उत्पन्न हुने भएकोले सो कार्यका लागि प्राविधिक सर्भे र निवेदनको आधारमा थप रकम खर्च गर्ने सर्व सम्मत निर्णय गरियो ।

२१.यस गाउँपालिकाको शिक्षा शाखामा कर्मचारी अभाव भइ नियमित शिक्षा प्रशासन सम्वन्धी कार्य गर्न स्रोत केन्द्रमै रही शिक्षा शाखामा रहने गरि अर्को ब्यबस्था नभए सम्म तपशीलको कर्मचारी व्यबस्थापन गर्ने सर्व सम्मत निर्णय गरियो ।**तपशील:**

क.श्री तिर्थ राज सुवेधी, प्र.अ. श्री मुक्राव देवी मा.वि. बोराङ रुवीभ्याली-४ ।

२२. प्रदेश सरकार खानेपानी डिभिजन कार्यालय, धादिङ बाट यस गा.पा.को सवै वडामा भएको सर्भेको आधारमा यसै आ.व. मा अब संचालन हुने खानेपानी आयोजना पालिकाको आवश्यक्ता र प्राथमिकताको आधारमा संचालन गर्न अनुमति दिने सर्व सम्मत निर्णय गरियो ।

२३.विविध विषय माथि छलफल गर्दा आजको बैठक विहान ठीक ११:०० बजे शुरु भइ दिउसो ३:०० बजे सम्पन्न भयो ।